आज मिति २०८१/०७/२१ गते यस निस्दी गाउँपालिकाको ७१ औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५.कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. नि.प्रमुख प्रशासकीय अधिकृत श्री अर्जुन खनाल

अन्य सहयोगी कर्मचारी

१७. कर्मचारी श्री मेघ बहादुर लामिछाने

१८ कार्यालय सहयोगी श्री सोभा कुमारी फाल

१९. कार्यालय सहयोगी श्री लाल बहादुर खन्गाहा

**मिति २०८१। ०७।२१ गते बसेको निस्दी गाउँपालिकाको ७१ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा।

२. मोटर बाटो मर्मत सम्वन्धमा।

३. वडा स्तरीय र टोल स्तरीय शिक्षा समिति गठन सम्वन्धमा।

४. जिल्ला दर रेट २०८१ मा नभएका आइटमको दर रेट कायम गर्ने सम्वन्धमा।

५. विविध।

**मिति २०८१।०७।२१ गते बसेको निस्दी गाउँपालिकाको ७१ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो। गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो । सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा अविरल बर्षाको कारण क्षति भएको मोटर बाटोको मर्मत गर्न वडा नं १ वाकामलाङ्ग र वडा नं २ सहलकोट को वडा स्तरीय मोटर वाटो मर्मत शिर्षकबाट क्रमश रु १ लाख नवढ्ने गरी प्राविधिक नाप चाँचको आधारमा मर्मत गर्ने र वाँकी रहेको वडाहरु झिरुवास, मित्याल, गल्धा , अर्चले र ज्यामिरेमा गाउँपालिकाको ब्याकोहो लोडरले मोटर वाटो मर्मत तत्काल गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको ७ वटै वडामा वडा स्तरीय शिक्षा समिति र टोल स्तरीय शिक्षा समिति गठन तथा पुनर्गठन गरी बिधालय सुधारको अभियान संचालन गर्ने साथै विधालय सुधार को लागी गाउँपालिकाबाट विधालयको बिषेश अनुगमन गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा जिल्ला दर रेट २०८१ मा नभएका आइटमको दर रेट कायम गर्न मूल्यांकन समितिबाट पेश भएको दर रेट २०८१ स्वीकृत गर्ने निर्णय गरीयो।

५. प्रस्ताब नं ५ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो।

क) निस्दी गाउँपालिका वडा नं ५ गल्धाको वडा स्तरीय कार्यक्रम कृषक भ्रमण तथा तालिम रु १ लाख ५० हजार अन्तरगतको कृषक भ्रमणमा जनप्रतिनिधी , कर्मचारी र सम्वन्धित कृषक स्याङ्जा ,कास्की र चितवन जिल्लामा गइ अध्ययन अवलोकन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

ख) निस्दी गाउँपालिका अन्तरगतका घाटहरु बाट नदिजन्य पदार्थको उत्खनन् गर्न घाटहरुको ३० दिने सूचना प्रकाशन गर्ने र सो घाटको बोलपत्र दस्तुर रु ३००० लिन गाउँकार्यपालिकाको कार्यालय लाइ निर्देशन दिने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

मुक्त बहादुर सारु
अध्यक्ष

ग) आ.व. २०८१/०८२ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको रोजगार मुलक आयोजनाहरु देहाय अनुसार रहने निर्णय गरियो ।

देहाय :

| क्र.सं. | वडा | आयोजनाको नाम | बजेट | | कैफियत |
|---|---|---|---|---|---|
| | | | प्र.म.रो.का ससर्त अनुदान | पालिका अनुदान | |
| १. | १ | वडा नं. १ अन्तगत गोरेटो बाटो मर्मत तथा नाला निकास | २६७२०० | | |
| २. | २ | हात्ती भञ्ज्याङ्ग देखि लाकुरी भञ्ज्याङ्ग सम्मको गोरेटो बाटो मर्मत | ६०१२०० | | |
| ३. | ३ | लाभेट सामुदायिक भवन निर्माण तथा मो वा ढलान (प्र.म.रो.का साझेदारी) | १३३६०० | ८००००० | |
| ४. | ३ | झिरुबास अन्तर्गतका गोरेटो बाटो स्तरोन्नति योजना | १०६८८०० | | |
| ५. | ४ | मित्याल गोरेटो बाटो स्तरउन्नती योजना | ६६८००० | | |
| ६. | ५ | गल्धाफाट केवरापानी स्तरोन्नति प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम | ७२१४४ | २००००० | |
| ७. | ५ | सनिसरा गल्धा फाट मो.बा. प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम | ४६७६० | १५०००० | |
| ८. | ५ | खहरे झरना संरचना सुधार तथा रोजगार साझेदारी कार्यक्रम | १३२९३२ | १००००० | |
| ९. | ५ | गल्धफाट झोलुंगे पुल गोरेटो बाटो ढलान तथा मर्मत | ९२१८४ | १००००० | |
| १०. | ५ | खहरे झरना देखि बेलौजी जाने गोरेटो बाटो मर्मत तथा स्तरउन्नति | ३२३९८० | | |
| ११. | ६ | अर्चले मोटर बाटो नाली निर्माण र मर्मत | ६६८००० | | |
| १२. | ७ | मोटर बाटो नाली निर्माण | २६७२०० | | |

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर साह
अध्यक्ष